नेपाल राष्ट्र बैंक

# राष्ट्र ऋण व्यवस्थापन विभाग

थापाथली, काठमाडौं

## "राष्ट्रिय बचतपत्र, २०७५" निष्कासन गर्ने सूचना

नेपाल सरकारको "राष्ट्रिय बचतपत्र, २०७५" देहाय बमोजिमका विशेषता एवं शर्तहरु कायम गरी निष्कासन गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

१. (क) बचतपत्रको नाम : राष्ट्रिय बचतपत्र, २०७५ (५ वर्षे) ।
(ख) निष्कासन गर्ने रकम : रु.१०० करोड (एक सय करोड रुपैयाँ मात्र) ।
(ग) वार्षिक व्याजदर : ८.०० प्रतिशत (अर्द्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने तथा ब्याजकर लाग्ने) ।
(घ) बिक्री खुला हुने अवधि : सर्वसाधारणका लागि मिति २०७० मंसिर २५ गतेदेखि पुष ९ गतेसम्म । तथा अन्य संस्थाहरुका लागि मिति २०७० पुष ८ र ९ गते मात्र
(ङ) निष्कासन हुने मिति : २०७० पुष १८ गते ।
(च) साँवा भुक्तानी हुने मिति: २०७५ पुष १८ गते ।
(छ) खरिद गर्न सकिने रकम: घटीमा दश हजार रुपैया र बढीमा दश हजार रुपैयाले भाग गर्दा नि:शेष भाग जाने गरी कुल निष्कासित रकमसम्म ।
(ज) फाराम सम्बन्धी व्यवस्था : यस सम्बन्धी फाराम यस बैंकको वेवसाईट www.nrb.org.np अन्तर्गत Public Debt भित्र Application Forms मा रहेको National Saving Bond Application Form बाट डाउनलोड गरी वा बजार निर्माता मार्फत नि:शुल्क प्राप्त गर्न सकिनेछ ।
(झ) धितो सम्बन्धी व्यवस्था: यो बचतपत्र धितो राखी कर्जा लिन दिन पाइने छ ।
(ञ) दोस्रो बजार: खरीद कर्ताले भुक्तानी मिति अगावै यो बचतपत्र बिक्री गर्न चाहेमा इजाजतपत्र प्राप्त बजार निर्माताहरु मार्फत तुरुन्त बिक्री गर्न सक्नेछन् ।

२. यो बचतपत्र कुल निष्कासित रकममध्ये सर्वसाधारण नेपाली नागरिकको लागि रु.८० करोड तथा बूँदा नं. ३ मा उल्लेखित अन्य संस्थाहरुका लागि रु.२० करोड छुट्याइएको छ । उपरोक्त रकमको सीमाभित्र रही सर्वसाधारण नेपाली नागरिकहरुले मिति २०७०।८।२५ देखि २०७०।९।९ गतेसम्म तथा अन्य संस्थाहरुले मिति २०७०/९/८ र ९ गतेमात्र आवेदन गर्न सक्नेछन् ।

३. यो बचतपत्र सर्वसाधारण नेपाली नागरिक साथै प्रचलित कानून बमोजिम दर्ता भएका गैर नाफा मूलक सामाजिक संघ संस्था र कर्मचारीहरुको लागि स्थापित स्वीकृत अवकाश कोषहरु (संभौताकृत बचत संस्था र म्युचुअल फण्ड वाहेक) ले मात्र खरिद गर्न पाउनेछन् ।

४. यो बचतपत्रमा हरेक ६/६ महिनामा पाकेको ब्याज आफुलाई पायक पर्ने नेपाल राष्ट्र बैंक तथा यस बैंकबाट इजाजत प्राप्त जुनसुकै बैंक तथा वित्तीय संस्थाहरुबाट लिन सकिनेछ ।

५. यो बचतपत्र खरिदकर्ताले यस विभागका साथै बैंकका उपत्यका वाहिरका कार्यालयहरुमा वा बजार निर्माता मार्फत रकम बुझाएकै मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको खण्डित अवधिको उपर्युक्त ब्याजदरले हुन आउने व्याज रकम समेत भुक्तानी पाउनेछन् ।

६. यो बचतपत्र स्टक वा प्रमिशरी नोटको रुपमा समेत खरीद गर्न सकिनेछ । बचतपत्र खरिद गर्नेले आवेदन फाराममा आफ्नो पूरा नाम र ठेगाना उल्लेख गरी दस्तखत गर्नु पर्नेछ । आवेदन फारामसाथ विवरण प्रष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा लेखपढ गर्न नजान्ने व्यक्तिको हकमा पासपोर्ट साइजको फोटो फाराममा १ थान र प्रति थान बचतपत्रमा १ का दरले आवश्यक पर्ने फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नाबालकको नाममा बचतपत्र खरिद गर्दा संरक्षकले आफ्नो नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाण समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । संस्थाको हकमा आवेदनसाथ संस्था दर्ताको प्रमाणपत्र, बचतपत्रमा लगानी गर्ने सम्बन्धमा संचालक समितिबाट भएको निर्णय तथा स्थायी लेखा नम्बरको प्रतिलिपी पेश गर्नु पर्नेछ । साथै आवेदन फाराममा संस्थाको तर्फबाट दुईजना आधिकारिक प्रतिनिधीको दस्तखत तथा संस्थाको छाप अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

७. रीतपूर्वक पेश नभई अस्वीकृत भएका आवेदनका सम्बन्धमा जम्मा हुन आएको रकम यस विभागमा सक्कल आवेदन प्राप्त भएको मितिले १५ दिनभित्र विना ब्याज सम्बन्धित व्यक्ति तथा संस्थालाई फिर्ता गरिनेछ ।

८. आवेदन फाराम पेश गर्नु पर्ने स्थान : उपत्यकाभित्रका सर्वसाधारण नेपाली नागरिकले बजार निर्माता समक्ष र उपत्यका बाहिर बजार निर्माताका साथै नेपाल राष्ट्र बैंकका कार्यलयमा पेश गर्न सकिनेछ । अन्य संस्थाहरुको हकमा उपत्यकाभित्र नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागमा र उपत्यका बाहिर नेपाल राष्ट्र बैंकका कार्यालयमा आवेदन पेश गर्नु पर्नेछ ।

९. बचतपत्र विक्री वितरण गर्न इजाजतपत्र प्राप्त बजार निर्माताको नामावली मिति २०७०।८।११ गतेको गोरखापत्र दैनिक तथा यस बैंकको वेवसाईट www.nrb.org.np अन्तर्गत Public Debt मा हेर्न सकिने छ ।

१०. उपर्युक्त बचतपत्र बिक्री गर्न/ गराउन नेपाल राष्ट्र बैकका उपत्यका बाहिरका कार्यालयहरुका साथै यस बैंकबाट इजाजतपत्र प्राप्त बजार निर्माताहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यहि सूचनालाई आधार मानी उपर्युक्त राष्ट्रिय बचतपत्र खरिद गर्न चाहने व्यक्ति तथा संस्थाहरुलाई तोकिएको म्यादभित्र (यस बैंकको तल उल्लेखित वेवसाइटमा उपलब्ध राष्ट्रिय बचतपत्र २०७५ को कार्यविधि अनुसार) बिक्री गरी सो को जानकारी दैनिक रुपमा फ्याक्स (फ्याक्स नं.४२५४१७०) वा छिटो साधनबाट यस विभागमा पठाउनु हुन र दैनिक रुपमा विवरण सहितको आवेदन फारामहरु एक्सप्रेस डेलिभरीद्वारा यस विभागमा पठाउने व्यवस्था गर्नु हुन समेत अनुरोध गरिएको छ ।

११. बिक्री खुला अवधिभित्र सम्पूर्ण रकम बिक्री नभई बाँकी रहन गएमा वा कथंकदाचित बढि माग भएमा खुला बजार सञ्चालन समितिको निर्णयानुसार हुनेछ । साथै, बचतपत्र बाँडफाँड सम्बन्धी अन्य सम्पूर्ण अधिकार उक्त समितिमा निहित रहनेछ ।

१२. बिक्री बन्द हुने मिति २०७० पुस ९ गते अगावै निष्कासित रकम सबै बिक्री भएमा सो मिति अगावै पनि बचतपत्रको बिक्री बन्द गर्न सकिनेछ ।

१३. यस विषयमा थप जानकारीको लागि काठमाडौंमा यस विभागको फोन: ४१०१७४१ मा तथा उपत्यका बाहिर आफ्नो नजिकको नेपाल राष्ट्र बैंकका कार्यालयहरु वा बजार निर्माताहरु समक्ष सम्पर्क राख्नु हुन तथा यस बैंकको वेवसाइट http://www .nrb.org.np अन्तर्गत Public Debt मा हेर्नु हुन अनुरोध गरिन्छ ।